प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

मुकाम बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.:

**नवप्रवर्तनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७७।१२।२९)**

**जो जस सँग सम्बन्धित छ ।**

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत युवाहरुको नवप्रवर्तन क्षमताको अभिवृद्धि र प्रोत्साहन लागि यस प्रदेश भित्र स्थायी वसोवास गरी रहेका १६-४० वर्ष उमेर समुह भित्रका व्यक्तिहरुले निम्नानुसारका विषय क्षेत्र मध्ये आफुले गर्न चाहेको नवप्रवर्तनको विषयमा प्राविधिक तथा आर्थिक प्रस्ताव गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा Hard तथा Soft copy पेश गर्नका लागि सूचित गरिन्छ ।

तपसिलः

| क्र स | विषय क्षेत्र | विशिष्टिकृत क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | कृषि तथा वन | ➢ कृषिमा यान्त्रिकरण, आधुनिकीकरण, उत्पादन, भण्डारण, ढुवानी, प्रशोधन,<br>➢ उत्पादनको प्रयोग र गुणस्तर परीक्षण<br>➢ वनजंगल (जंगली जीवजन्तुको संरक्षण र व्यवस्थापन) | |
| २ | उद्योग, प्रर्यटन | ➢ परम्परागत प्रविधि र तिनको आधुनिकीकरण,<br>➢ उद्योग क्षेत्रमा सुचना प्रविधि तथा मेसिनरी,<br>➢ प्रर्यटन व्यवसायमा नयाँ तथा मौलिकता थप्ने किसिमका खोज,<br>➢ प्रविधिको माध्यमबाट प्रर्यटन प्रवर्द्धन, नयाँ उपकरण तथा मोडेलहरुको विकास, | |
| ३ | जैविक विविधता र वातावरण | ➢ जैविक विविधता र प्राकृतिक स्रोत प्रयोगमा दिगो उपयोग,<br>➢ वातावरण सन्तुलन र प्राकृतिक स्रोतहरुको संरक्षण, | |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

मुकामः बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.:

| | | | |
|---|---|---|---|
| | | ➢ वातावरणीय संरक्षण र प्रवर्द्धन | |
| ४ | प्रदेशको सन्दर्भमा विपत, जलवायु परिवर्तन र प्रकोप नियन्त्रण सम्बन्धी सुरक्षात्मक उपायहरु | ➢ विपत जोखिम न्युनीकरण र आपतकालीन सुरक्षा,<br>➢ सुरक्षा वृद्धि सम्बन्धी (सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, आगलागि, चटयाङ, वाढी) | |
| ५ | सामाजिक तथा पुर्वाधार विकास | ➢ शिक्षा स्वास्थ्य, यातायात, नविकरणीय उर्जा, विद्युत संग्रह, आवास, खानेपानी, पोषण र सन्तुलित आहार तथा औषधीजन्य विषयहरु | |

<u>पेश गर्नुपर्ने कागजातहरुः</u>

१. नवप्रवर्तनको लागि माथि उल्लेखित क्षेत्रबाट कुनै विषय क्षेत्रको एक विषय छनोट गरी आफुले गर्न चाहेको नवप्रवर्तनको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव तयार गरी निर्धारित समय भित्र पेश गर्ने,

२. प्राविधिक प्रस्ताव तयार गर्दा नवप्रर्तन गर्न चाहेको विषयलाई निम्न अनुसारका शीर्षकमा आधारित भई प्राविधिक प्रस्ताव तयार गर्ने (पृष्ठभुमी, उद्देश्य, विधि, उत्पादन वा उपलब्धी, उत्पादित वस्तु तथा प्रविधिको उपयोगिता र समाजमा यसको संभावित प्रभाव र सामाजिक विकास मन्त्रालयको भुमिका )

३. प्राविधिक प्रस्ताव अनुसारको नवप्रवर्तनका लागि मन्त्रालयबाट बढिमा ३ लाख सम्मको आर्थिक सहयोग उपलब्ध गराईने हुदा उक्त आर्थिक स्रोतको उपयुक्त परिचालनबाट सम्पन्न गर्न सक्ने खालको विषय क्षेत्र र शीर्षक चयन गर्नुपर्ने,

४. विनियोजित रकम कुन कुन कार्यका लागि के कति खर्च लाग्न सक्ने हो सो को खर्च विस्तृतीकरण प्रचलित आर्थिक ऐन तथा नियमावलीको परिधि भित्र रही तयार गरी पेश गर्ने,

५. प्रस्तावका साथै आफुले गर्न चाहेको नवप्रवर्तन यस पुर्व कोही कसैले गरेको नवप्रवर्तन सँग नमिल्ने, कसैको नक्कल नगरेको वा कसैको नाममा पेटेन्ट अधिकार नभएको हुनुपर्ने र यदि प्रचलित कानुन विपरित भएको पाईएमा कानुन अनुसार कारवाहीका लागि तयार रहेको स्व धोषणा गरेको निवेदन,

६. प्रस्तावित नवप्रवर्तनमा कही कतैबाट आर्थिक सहायता नलिएको र यस पुर्व कुनै संस्थामा पेश नगरेको स्वयमले घोषणा गरेको पत्र,

प्रदेश सरकार
लुम्बिनी प्रदेश
# सामाजिक विकास मन्त्रालय
(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)
मुकामः बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८
चलानी नं.:

७. यसरी विकास वा निर्माण हुने नवप्रवर्तनीय वस्तु वा प्रविधिको प्रोटोटाइप (Prototype) को लक्षित चित्रका (हस्त लिखित वा फोटो) साथै आफ्नो पहिचान सहित यस मन्त्रालयमा वुझाउन सहमत भएको सहमती पत्र,

८. आर्थिक प्रस्ताव सहित उक्त कार्य सम्पन्न गर्नका लागि आवश्यक समय सहितको कार्य योजना पनि पेश गर्नुपर्नेछ,

९. पेश भएका प्रस्तावहरुलाई सम्बन्धित क्षेत्रको विज्ञ सम्मिलित मुल्याङ्कन समितिबाट मुल्याङ्कन गराई ५ वटा प्रस्तावहरु छनोट गरिनेछ,

१०. सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि र स्थायी वसाईंसराइ गरेको हकमा वसाइँसराइ कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ,

११. छनोट भएका प्रस्तावहरुको विवरण सहित संझौताका लागि सुचना प्रकाशित गरिने छ अन्य विषय संझौतामा उल्लेख भए अनुसार हुनेछ ।

(बेगम के सी )
शाखा अधिकृत